CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ा : एक अध्ययन

ण्य रचित एवं श्री कृष्णकान्त
गृको पञ्चदशी टीकाको एक
मन्धानात्मक ....

द ६३००
खा०वि०पीठ, पुस्तकालय
★ मू 1.04

प्रकाशक :
वेरोध विमर्श विभाग
अद्वैत संस्था नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चदशी : एक अध्ययन

स्वामी विद्यारण्य रचित एवं श्री कृष्णकान्त
अधिकारीज्यूको पञ्चदशी टीकाको एक
अनुसन्धानात्मक विवेचना

(वेदान्त-२८०)

लेखक :
खण्डनचक्र पागी गंगाराम श्रेष्ठ "अद्वैत रत्न"
सभापति
विरोध विमर्श विभाग
अद्वैत संस्था
(नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक :
विरोध विमर्श विभाग
अद्वैत संस्था,
नेपाल ।

सर्वाधिकार प्रकाशकमा सुरक्षित

मूल्य — १'५०

पहिलो पटक
१०००

अपरा एकादशी
२०२६

मुद्रक :
भारती प्रेस,
१/१६५ जनरलरोड, नारायणगढ चितवन, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

स्त्री सुसुक्षु, पढ़ालिखाहरू एवं सन्त
समाजलाई जसको चिन्ता धारा
पश्चदर्शी र त्यसको व्याख्या-
वाट अस्पष्ट हुन
गएको
छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आमुख :

कविराज श्री कृष्णकान्त अधिकारीज्यूले धेरै वर्षको मिहिनत पछि तयार गर्नु भएको पञ्चदशी ग्रन्थको गूढार्थ प्रकाश टीका हेर्दै जांदा त्रुटि वा कमीमा सहानुभूति पूर्ण दृष्टिले हेरी सूचना दिनु भए कृतज्ञ भई आर्को संस्करणमा समावेश गर्ने उंहाँको विनयात्मक अनुरोधले प्रेरित भएर उहाँको अनुरोधलाई साकार बनाउन कलम उठाएको हुँ ।

शंकर वशिष्ठका वेदान्त प्रक्रिया र वादलाई हृदयंगम गरी त्यसैलाई कसी बनाएर प्रस्तुत व्याख्याको पारख गरिएको छ र देखिएका त्रुटी र पाइएका कमीलाई यस समीक्षात्मक प्रबन्ध द्वारा कविराजज्यूलाई सप्रेम सूचना दिइएको छ ।

शंकर वशिष्ठको वेदान्त-सिद्धान्त एवं चिन्ता धारालाई जीवन्त र व्यापक अनि सरल र सरस बनाउनका लागि नेपालमा गत २०२३ सालमा अद्वैत संस्थाको स्थापना भएको कुरा सर्वत्र सबैलाई अवगत भइसकेको छ । अद्वैतवादमा आएका विरोधलाई शास्त्रीय आधारमा विमर्शात्मक खण्डन गर्न र अद्वैतवादको व्याख्यामा भएका वा हुन गएका त्रुटी र कमीलाई हटाउना खातिर समेत अद्वैत संस्थामा एक विभाग पनि खडा गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यही अन्तर्गत प्रस्तुत व्याख्या पनि पर्न आएको छ । सुविवेचनात्मक शास्त्र सज्जन सम्मत खण्डनमा कसैले अन्यथा नसम्झनु रास्रो हुनेछ । किनभने कुनै पनि उपकारी एवं हितैषीको कर्तव्य हो त्रुटीलाई दिग्दर्शन गरिदिनु किनकि त्यसबाट सम्बन्धित व्यक्तिलाई त्रुटि रहित हुन महान् अवसर मिल्दछ । यसैले म आशा राख्दछु, श्री अधिकारीज्यू यस त्रुटि दिग्दर्शनबाट गुन सम्झी लाभान्वित हुनुहुनेछ ।

हुनत यो पत्रलाई नछापीकन कविराजज्यूलाई एक प्रति दिए पनि पुग्दथ्यो तर सर्वजन हितायको दृष्टिलाई अवलम्बन गरेर यसलाई छापी सबैको हातमा पुऱ्याउनु नै श्रेय होला भन्ने ठानी प्रकाशित गरिएको छ । यसलाई कसैले पनि अन्यथा नसंझी उहांको पञ्चदशी ग्रन्थ संग भिडाई हेर्नु हुनेछ ।

धन्यवाद !

सभापति,
विरोध विमर्श विभाग
अद्वैत संस्था, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चदशी : एक अध्ययन

खण्डनचक्र पाणी रांगाराम्न श्रेष्ठ "अद्वैत रत्न"
सभापति
विरोध विमर्श विभाग
अद्वैत संस्था
(नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

द० द२००
वा०वि०पी०
पु०मू/७५

पंचदशीकारको ज्ञानीपन

उहाँको विद्वत्ताको बारेमा त केही शंका छैन । उहाँ शास्त्रज्ञ अवश्य हुनु हुन्थ्यो तर शास्त्रको ज्ञान र स्वरूपको ज्ञान एउटै कुरो होइन । यद्यपि कविराजजीले आफ्नो भूमिकामा उहाँलाई कृतकृत्य पुरूष, ज्ञानवान भनी स्वीकार गर्नु भयो तर उहाँको जीवनीबाट यो कुरा साबित हुँदैन । जुन जीवनीबाट उहांले उद्धृत गर्नु भएको छ त्यो "गुरूपरंपरा चरितम्" ग्रन्थ अनुसार विद्यारण्य मुनिले अष्ट सिद्धि लाभ गर्नु भएको उल्लेख छ, ज्ञान प्राप्त गर्नु भयो भन्ने उल्लेख छैन । वेङ्कटेश्वर प्रेस, बम्बईबाट मार्गशीर्ष सम्वत १९६४ मा प्रकाशित उक्त ग्रन्थको २६सौं सर्गमा गायत्रीमाताको अदृश्य निर्देशन अनुसार गुप्ताक्षर मंत्रको जप पछि रात्रि देवीको दर्शन मिल्यो । विद्यारण्य मुनिले देवीसंग ऐश्वर्यको प्रार्थना गर्नु भयो जो उहाँलाई वर्तमान जन्ममा मिल्नु संभव थिएन ।

यसै क्रमले बढेको उहाँको जीवनको घटना क्रममा उहाँलाई ज्ञानी भनेर उक्त शास्त्रले उल्लेख गरेको कहीं देखिदैन तपाईले कहाँबाट निकाल्नु भो म भन्न सक्तिन । उहांले धेरै मिहिनत गरेर सिद्धि प्राप्त गर्नु भो र पछि त्यसैको उपयोग गर्नु भयो यो कुरा तपाईकै भूमिकाले बताउँछ । सिद्धि प्राप्त गर्नु, चमत्कारिक क्रिया कलाप द्वारा दृष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्रवर्ति पार्नुलाई नित्यतृप्ति भनेर मान्नु हुन्छ भने भन्नु केही छैन । तर भगवान शंकरको सिद्धान्त त्यस्तो छैन । शंकर भन्नु हुन्छः-

नष्टं दारिद्र्यादि दुःखं ततः किम् ?
जप्ता मंत्रा कोटिशो वा ततः किम् ?
योगः प्राप्ता सिद्धयो वा ततः किम् ?
येन स्वात्मा नैव साक्षात्कृतोऽभूत् ॥

(पं. ज्ञानहरि सरस्वतीले गर्नु भएको अनात्मश्रीविगर्हणम्को टीका हेर्नु होला ।)

जीवन चरित्रले मात्र स्वामीजीलाई ज्ञानी नबताएको हैन, पंचदशीमा विवेचित प्रसंगहरुको ऊहापोह विवेचन गर्दा त्रुटिपूर्ण रहेकोले उहाँ सम्यकदर्शी, नित्यतृप्त पुरुष हुनु हुन्नथ्यो भन्न करै लाग्दछ । एकाध प्रसंग लिउँनः- (नाटकदीप)

पञ्चदशीकारको सुषुप्तिको विवेचना शांकर-मत भन्दा बेग्लै छ । जस्तो शांकर मत अभाव वस्तुबाट भाव वस्तु पैदा हुन नसक्ने पक्षमा जोड दिन्छ, जुनकुरा सर्व मान्य छ । किन्तु पञ्चदशीले यस मान्यतालाई अतिक्रमण गरेको छ । त्यो हो सुषुप्तिमा सुख हुनाको कारण दुःखाभाव भनेर मान्नु । तपाईको टीकानुसार त ठ्न् प्रसंगमा विकृति आएको छ । सुप्तोत्थित पुरुष दुःखाभावको स्मरण गर्दैन तपाईको भनाई अनुसार अनुभूत वस्तुको नै स्मरण हुन्छ भनी मान्ने हो भने पनि सुप्तोत्थित पुरुषलाई दुःखाभावकै स्मरण हुनु पर्ने । शंकर भन्नु हुन्छ सुषुप्तिको सुख स्वरूपभूत सुख हो, कुनै अरूवस्तुको भावाभावबाट उत्पन्न सुख होइन । किनकि सुखका लागि केहीं चिजको अभाव, लय वा अदृश्य बनाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदैंन- त्यो त संधै जाज्वल्यमान नै छ ।

सुषुप्तिको आर्को प्रसंग [तत्वविवेक प्र०] :-

" म सुख पूर्वक सुतेको थिएँ, केही थाहा पाइन " भन्ने हुन्छ अथवा सुषुप्तिकालीन अज्ञानको ज्ञान सुषुप्ति मै हुन्छ भनेर यस को हेतु दिनु हुन्छ– "अनुभव भएको विषयको नै स्मरण हुन्छ" यो तर्कले सुषुप्तिमै अज्ञानको ज्ञान हुन्छ भन्ने कुरालाई साबित गर्न सक्तैन । किनकि जबसम्म दुइटा कुराको अवशेष रहन्छ तबसम्म मानिस सुषुप्त हुन सक्तैन बरू यो काल जाग्रत वा स्वप्न नै हुन्छ । जाग्रत स्वप्नमा एकै व्यक्ति दुईजना बन्दछः- (१) सुखी दुःखी र (२) त्यसलाई थाहा पाउने । त्यसैले यी दुई अवस्था सुषुप्ति हुन सकेनन् । अनि सुषुप्तिमा व्यक्ति एउटै मात्र हुनाले त्यो जाग्रत र स्वप्न हुन सकेन ।

अब पञ्चदशीको टीका र उक्ति अनुसार सुषुप्तिमा पनि अन्य दुई अवस्थाहरुमा झैं दुइकुरा देखा पर्छनः- [१] अज्ञान र [२] अज्ञानको ज्ञाता अथवा भोक्ता र भोक्ताको साक्षी सौषुप्तानन्द [तपाइको यो विवेचना काशीवाट प्रकाशित सिद्धान्त नामक हिन्दी पत्रिकामा प्रकाशित प्रो० श्री क्षितीशचन्द्र चक्रवर्ती, त्रिचन्द्र कलेज नेपालको "आनन्द द्वैविध्य,, प्रबन्धमा आधारित देखिन्छ] - तपाईले आफ्नो टीकामा यस साक्षीलाई आनन्दघन भनी देखाउनु भो जुन शास्त्र विरुद्ध कुरो हो - त्यसको विवेचना प्रसंगमा पछि गरुंला यी दुई भाष्य र भाषक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहुन्जेल मानिसलाई सुषुप्ति हुनै सक्तैन । के तपाईं सुषुप्त हुदा त्यस ब्दिविध कुराको अनुभव गर्नु हुन्छ ? अथवा ६२५ पृष्ठको टीकामा लेखिएको " सुषुप्तिमा बुध्दि अज्ञानमा लीन हुनाले " भन्ने कुरा तपाईको सुषुप्ति कालीन अनुभव नै हो ?

अवश्य हैन, सुषुप्तिमा त एकमात्र ब्रह्म वस्तु (आनन्दघन सौषुप्तानन्द होइन) जाज्वल्यमान रहेको छ । त्याहां यस्तो उस्तो कुरो कत्ति केही पनि छैन । यसैले सुषुप्ति क्षणिककाल भए पनि ब्रह्मसाक्षात्कार काल हो [सिद्धान्तको " चित्त विश्रान्ति " नामक लेख हेर्नुहोला] यो कुरा सबैको र याहांको पनि अनुभवगम्य नै हो स्वस्थमना भएर विचार गर्नु भयो भने ।

यो विषय वेदान्तको अत्यन्त मार्मिक र मसिनु हुनाले प्रायः धेरैको बुद्धिले भ्याउन सक्तैन । यसैले आधिकांश मानिस चाहिने ठाउंमा चुकि हाल्छन् र अन्धगोलाङ्गूलन्यायको नै अनुशरण गर्दछन् र फलतः बुद्धिबोध (पण्डितम्मन्यता) ले ख्याति प्राप्त भए पनि ब्रह्मबोधले सन्तप्त हृदय शान्त र शीतल हुन सक्तैन अनि त स्वामी विद्यारण्य कै झैं अन्तर्द्वन्दमा जीवन इतिश्री हुन्छ । अस्तु ।

फेरि सुषुप्तिमा अज्ञान नभएको हुनाले नै यसलाई असत्य भनिएको छ । तपाईको कथन अनुसार " सुषुप्तिमा भावरूप अज्ञानको ज्ञान थियो " भनेर मान्दा " तीन कालमा अबाधित रूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहने वस्तु सांचो हो " भन्ने उक्ति अनुसार अथवा " जुनकुरा जाग्रत, स्वप्न, सुषुप्ति यी तीनै अवस्थामा रहिरहन्छ त्यही सत्य हो, नित्य हो " - [बदरीनाथ भट्टराईज्यूको हरिस्तुतिको अनुवाद हेर्नु होला] भन्ने उक्ति अनुसार याहांको अज्ञान आत्मा झैं नै सत्य र नित्य हुनु पर्ने देखिन्छ । अर्कोफेरि सत्यवस्तु को नाश हुनै सक्तैन (श्रीमद्भगवद्गीता अध्याय २ हेर्नु होला) अज्ञान जाग्रत, स्वप्न र सुषुप्तिमा एक नाशले रहेको छ भने त्यो अवश्य सत्य ठहर्न आउंछ । त्यसोभए पछि ज्ञानोत्तर पनि अज्ञान नाश न हुने भयो । किन्तु अज्ञानलाई समूल नाश गर्ने ज्ञानवानहरू धेरै देखिन्छन् । यसैले तपाईको अज्ञान र सुषुप्ति सम्बन्धी व्याख्या अस्पष्ट र त्रुटिपूर्ण रहन गएको छ । मोक्षाभिलाषीका लागि यसैले यो मत आदरणीय हैन ।

योगानन्द प्रकरण हेर्दै लैजांदा ६५३ पृष्ठमा धेरै पटक चर्चाको विषय भैसकेको मैत्रायणी उपनिषदको एउटा सु-प्रख्यात श्लोक देखें । " समाधि निर्धूतमलस्य चेतसो"-श्लोकार्थ हेरें श्री ईश्वरानन्दजी महाराजले पानि यस श्लोकको अर्थ यस्तै गरी लगाउनु भएको देखेर्थें । विद्वानहरूको अर्थ गराई देख्दा " चाहिने ठाउंमा दृष्टि नजानु वा नदिनु नै विद्वत्ताको परिभाषा हो कि ? " भने झैं लाग्यो । तत्र हो, ब्रह्म-सुख वाणीद्वारा वर्णन गर्न सकिदैन तर कुनवेला ? यस श्लोकमा "तदा वर्णयितुं नशक्यते" भनेर तत्कालीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टिलाई अवलम्बन गरिएको छ । उत्तर कालीन हौइन । छुटाउनै नहुने कुरो यहांको प्रज्ञामा घुसेन- ज्ञानवान गुरूको अभावबाट यस्तै त्रुटि हरूहुन जान्छन् । आगामी संस्करणमा यसलाई पूर्ण संशोधनगरी अर्थ यसरी लेख्नु उचितहोला :-

"निर्विकल्प समाधिमा जुन परम सुखको अनुभव हुन्छ त्यो अलौकिक सुखलाई त्यसवेला वर्णन गर्न वाणी समर्थ हुँदैन ।"

यहांले विनम्र भएर त्रुटिमा सुझाव मागिराख्नु भएको हुँदा सल्लाह टक्र्याएको हुँ । प्रायः विद्वानहरूमा हुने पण्डितम्मन्यतालाई छाडी श्रीगुरूको आशीर्वादलाई ग्रहण गरिएको खण्डमा बुद्धि अकुण्ठित हुन जाने कुरो यहांलाई थाहा नै छ ।

यसोत समाधिको व्याख्या गर्न ठूला ठूला विद्वान (पढे लेखेका प्रतिष्ठित) हरूले पनि त्रुटि गरेको देखिन्छ ।शृंगेरी मठाधिपति स्वामी चन्द्रशेखर भारतीज्यूले पनि विवेक चूडामणिको व्याख्यामा समाधिलाई व्याख्या गर्दा ठूलो भूल गर्नु भो । विवेकचू०को ३४३ नौं श्लोकमा देखाएको सविकल्प र निर्विकल्प समाधिको व्याख्यामा स्वामीजीले शंकरकै सर्ववेदान्त सिद्धान्त सार संग्रहको समाधि प्रकरणलाई प्रस्तुत गर्नु भो । शंकरले सर्व वेदान्त सार संग्रहमा १) सविकल्प र निर्विकल्प समाधिको स्वरूप २) समाधि र सुषुप्तिको स्वरूप र भेद देखाउनु भएको छ । यसमा भनिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ (१) सविकल्प समाधिमा वृत्ति रहन्छ (त्रिपुटी रहन्छ) तर (२) निर्विकल्प समाधिमा वृत्ति ब्रह्म देखी अभिन्न भएर रहन्छ पानीमा नुन पानीरूपले रहेझैं ब्रह्ममा वृत्ति ब्रह्मरूपले रहन्छ। शंकर अनुसार यहां नै २ समाधिको वारे कुरो टुंगिन्छ। तर स्वामीजी प्रसंगलाई रवड झैं तन्काएर अगाडि भन्नु हुन्छ "यी दुइमा भेद हो वृत्तिको सद्भाव र अभाव" (वृत्तेः सद्भाववाधाभ्यामुभयोर्भेद इष्यते) । हुनत यहां सम्म पनि शंकरकै लेखनी राख्नु भो तर "दश राम शरः" लाई "दशरा मशरा" झैं गर्नु भो। माथि स्पष्ट भनिएको छ ब्रह्माकार वृत्ति निर्विकल्प समाधिमा पाइन्छ, सविकल्प समाधिमा त्रिपुटी पाइन्छ। तर तल आएर भनियो एउटामा वृत्ति रहन्छ आर्कोमा रहंदैन। "ब्रह्माकर वृत्ति रहन्छ,, भन्नाले वृत्तिको वाध भन्ने बुझाइन्छ र? चित वाधित हुनु त साक्षात्कार वृत्ति अनन्तरको कुरो हो। यो ज्ञान प्रसंग भो यहाँ समाधि प्रसंग चलिरहेको छ। निर्विकल्प समाधि स्थितिलाई लिएर वाध भनिएको हो भनिन्छ भने त्यो पनि प्रासंगिक कुरो भएन किनकि यहां समाधिको प्रसंग चलीरहेछ – यो विमर्शावस्था हो।

उसो भए कुरो के हो त ? कुरा यसो हो–समाधि र सुषुप्ति यी दुइमा वृत्तिको सद्भाव र अभावले भेद पैदा गरेको छ। 'उभयो' पदले सविकल्प र निर्विकल्पलाई हैन समाधि र सुषुप्तिलाई इंगित गर्दछ। यो कुरो मात्र अनुभवी महात्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिमागमा चउदछ। "उभयो भेद इष्यते" मा कुरा टुंगिदैन, यस-पछि "समाधि सुप्त्योः" भन्ने पदावलो प्रारम्भ छ जाहां वृत्तिको कुरो टुंगिन्छ। यही २ कुरामा स्वामीजीको प्रज्ञा फेल खायो।

[शृंगेरी मठलाई लेखिएको मेरो चिठ्ठी हेर्नुहोला]

यहाँको व्याख्यालाई मैले नेपालका एकाध ख्यातिप्राप्त विद्वान्हरूको कृतिहरूसंग पनि यसो दाँजी हेरेको हुँ। स्वामी ईश्वरानन्दज्यूको मत र यहाँको मत पनि भिन्दा भिन्दै हुनगयो। किन्तु फेरि विचार गरें मूल ग्रन्थ एउटै भएपछि तत्यसको अर्थमा यसरी फरक नहुनु पर्ने।

तपाईले आफ्नो टिका (६०९ पृष्ठ) मा रामगीतालाई द्रष्टव्यको रूपमा राखेर ज्ञानसिद्ध गर्न पहिले चित्तशुद्धिको निमित्त निष्काम कर्म उपसना आवश्यक मानिछ भनेर लेख्नुभो। "गीतामा बताइएको निस्काम कर्म, उपासनाद्वारा चित्त शुद्धि भए पछि त्यसको परित्यागगरी ज्ञानलाभका लागि गुरूको मुखद्वारा महावाक्य श्रवण गरोस् र मानिस ज्ञानलाभ गरोस्" भन्ने आशय होला तपाईको।

किन्तु, स्वामीजी भन्नु हुन्छ- रामगीतामा बताइएको र त्याग गर्न भनिएको सकाम कर्म हो निस्काम कर्म होइन (गीता तात्पर्य)। यसका सार्थ स्वामीजी कर्मको र ज्ञानको समुच्चय स्वीकार्नु हुन्छ तर तपाईले यही परिच्छेदमा केवल ज्ञानले नै मोक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ, कर्मले या ज्ञानसहित कर्मले हुंदैन" भनेर लेख्नु भयो। यहाँ नेर अद्वैत संस्थाको सिद्धान्त एवं शंकर-वशिष्ठ अनुकूल व्याख्या गर्नु भएकोमा धन्यवाद !

माथि एक ठाउंमा मैले आनन्दघन बारे यहाँको अभिव्यक्ति युक्ति युक्त होंइन भन्ने कुराको संकेत मात्र गरेको थिएँ। यहाँ त्यसबारे अलि भनुं, किनभने प्रेम र सद्भावनापूर्ण हामीहरूको परस्परको यस्तो गूढ एवं रहस्यपूर्ण विवेचनाले ब्रह्मविषयक धारण ज्यादा परिमार्जित हुन जानेछ।

तपाईंले आफ्नो टीकामा राख्नु भएको क्रम अनुसार (१) भोक्ता आनन्दमय र (२) त्यसको साक्षी सौषुप्त आनन्दमय। अनि आनन्दघन भन्ने शब्द पनि प्रयुक्त भएको छ र त्यो आनन्दघनलाई सौषुप्त आनन्दमय (साक्षी) भनी व्याख्या गर्नु भो जाग्रदादि प्रत्येक अवस्थाको अभिमानी विश्व, तैजस र प्राज्ञ यी सबको प्रकाशक बिम्बस्वरूप आनन्दघन "ब्रह्म पुच्छं प्रतिष्ठा" जुन अन्तिम अवयव नित्यवस्तु हो त्यही नै आत्मा हो (पृष्ठ-१३१)

[तपाईको यो क्रम श्री क्षितीशको "सिद्धान्त" पत्रिकामा [श्री बाबुराम गोविन्दराम श्रेस्ठले गर्नु भएको नेपाली अनुवादमा] पूर्णतयाः आधारित देखिन्छ। बाँकी के भने भैरव प्रसाद ब्राह्मण (जैशी) ज्यूले चाहिं उक्त सिद्धान्तको लेख आनन्द तत्व मीमांसालाई 'आनन्द तत्व' नाम दिएर हूबहू अनुवाद गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शनि प्रवेशिका ग्रन्थमा प्रकाशित गराउनु भयो- यहाँ त्यसो नभै भावानुवाद या छायानुवाद हुन गएको रहेछ। विशिष्ट ज्ञानवान पुरुषको आधार लिनु उचित नै हो, लिइन्छ पनि र लिनु पनि पर्छ किनकि ठूलो वृक्षको आडलिए पछि एक झर ठूलै पानी परेपनि ओतिन्छ नि। अस्तु]

सिद्धान्तमा सौषुप्त आनन्दमय (अनुप्रविष्ट चेतन) लाई- पनि उल्लंघन गरी आनन्दघन (अननुप्रविष्ट चेतन वा भित्र बाहिर भेद वर्जित ब्रह्म) वस्तुलाई बुझ्नु पर्ने कुरो श्री चक्रवर्तीज्यूले बताउनु भएको छ। जसलाई तपाईंले पूर्णतः उतार्न सक्नु भएन। हुनसक्छ तपाईलाई ' सिद्धान्तको ' सबै अंश राख्दा सौजन्यताको उल्लेख गरेन भन्ने अपवादले ग्रस्तगर्ला भन्ने भय भयो र ठाउँ ठाउँमा छाडि दिनु भयो यसैले व्याख्या सर्वांशमा त्रुटिपूर्ण रहन गयो। यति भएर पनि स्वप्नानन्दलाई उछिनी सौषुप्तानन्दलाई देखाउने यहाँको प्रयास प्रशंसनीय छ जबकि पाश्चात्य दर्शनिका धुरन्धर इमानुएल कैन्ट जस्ता सुग्रीहरू स्वप्नानन्दमय (भौक्त) बाट माथि तान्न सकेनन्।

मेरो भनाइ के भने सौषुप्त आनन्दमयबाट तपाईले अब एक सिढी माथि उक्लनुपर्छ र मुमुक्षुहरूलाई उकाल्नु पनि पर्दछ। हो विश्व, तैजस र प्राज्ञ अवश्य परप्रकाश्य र आगमापायी हुनु तर यिनको प्रकाशक को हो? के ब्रह्म प्रकाशक हो? ब्रह्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनन्दघन वस्तु हो। दृश्यको प्रकाशक आफूमान्नु हुन्छ भने त्यस लाई 'साक्षी' भनी शंकरले नाउं राख्नुभयो, वशिष्ठ भगवानले संवेदन। तपाईले त्यसलाई कसरी आनन्दघन नामाकरण गर्नु भयो? शंकरको नाउंलाई नै दोहऱ्याउंदा आपनो टीका वेदान्तको 'एकमात्र प्रक्रिया ग्रन्थ' नहोला भनी डराउनु भएको त हैन? किन्तु त्यसो पनि त भएन किनकि यस व्याख्यालाई वशिष्ठ शंकरको भाष्य प्रकरण ग्रन्थहरूको आधारमा तयार पारिएको भनेर भूमिकामा लेख्नु भएको छ। हुनत मधुसूदन सरस्वतीजीले पनि गीताको आफ्नो गूढार्थ दीपिकाको प्रारंभमा भगवान शंकरको भाष्यलाई अनुमोदन गरेर म यो दीपिका लेख्न थालि रहेछु भन्नु भो तर कलेवरमा चाहिं शंकर भाष्यको घांटी निमोठ्ने असफल प्रयास गर्नु भयो। तपाई पनि यस दोषबाट मुक्त हुनु भएको देखिएन। संवेदन र संवितमा धेरै फरक छैन र? यसलाई स्पष्ट पार्न अद्वैत संस्था द्वारा प्रकाशित दुबै प्रक्रिया परक र प्रमेय परक नेपाली ग्रन्थ रत्न 'ज्ञान सर्वस्व'को सवित्, संवेदन र संवेद्य शीर्षक श्रद्धा पूर्वक हेर्नु होला।

११८ पृष्ठमा तपाईंले जीवित दशासम्म जीवन्मुक्ति र प्रारब्ध समाप्त हुनासाथ विदेहमुक्त हुन्छन् भनी लेख्नु भएको पाएं। पंचदशीकारको पनि यही भनाई हो। हुनत तपाईले पंचदशीकारलाई पनि उछिनेर १२० सौं पृष्ठमा मुक्तिमा भेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन भनेर लेख्नु भएको छ- यो शांकर-मत अनुसार भयो । अरण्य मतानुसार भएन । तपाईको ११८ र १२० पृष्ठको भनाई मा सन्यासी र गृहस्थको प्रभेद यैं असमन्वित कुरा परे । जीवन्मुक्त पुरूष देहपात भएपछि कसरी र कुन साधन द्वारा विदेह मुक्त हुन्छन् ? जीवन्मुक्त पुरुष नै विदेहमुक्त पुरुष हुन् [जीवतो यस्य कैवल्यम् विदेह स च केवलः] यसमा धेरै प्रमाणहरू दिन सकिन्छन् । (ज्ञानसर्वस्व- १५४ पृष्ठ, शंकरको फुटकर वेदान्त स्तोत्रहरू हेर्नोस) ।

पञ्चवशीको यो व्याख्या 'सिद्धान्त' पत्रिकाबाट अनुप्राणित छ भन्नेकुरो माथि भनिसकेर पनि मनोमय कोशको तपाईको व्याख्या देखेर अनुप्राणित मात्र नभएर विशेष अनुप्राणित भन्न मलाई वाध्य तुल्याएको छ । 'विचारालोक'को मनोमय कोश र तपाईको व्याख्या तल उध्दृन गरिन्छ –

[सिद्धान्त पत्रिका : विचारालोक]

पांव ज्ञानेन्द्रियके सहित मन मनोमय कोश कहजाता हैं । विषयों मे राग कल्पना करके वह मन पुरूषको पशुकी तरह तीन गुणो में वांधता है और फिर वैराग्य द्वारा उन्हीं विषयोंको विषतुल्य विरस करके पुरुषको मुक्त कर देता हैं । इसीलिए मन ही वन्ध मुक्तिका कारण हैं । अविवेक वशात् मनुष्य मनको आत्मा मानता हैं । " मेरा मन दूसरी ओर था , मैंने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपकी बात नहीं सुनी" ऐसो विवेकी पुरुष सहज में ही अनुभव करता हैं। यह मन चञ्चल एवं आगमापायी हैं। अतएव परिणामी विकारी अस्थिर शोकमय संकल्प विकल्प मन आत्मा नहीं हो सकता।

[तपाईको व्याख्या]

पांच ज्ञानेन्द्रिय र मनलाई मनोमय कोश भनिन्छ। यसैले विषयमा आशक्त गराई पशुलाई झैं मनुष्यलाई तीनगुणको डोरीले बांधि दिएको छ। यहि मनले पूण्य कर्मको फलस्वरूप विषयमा विषवत विरसता उत्पन्न गराएर संसार सागरबाट पार पनि लगाई दिन्छ। यसैले बन्ध र मोक्षको दुवै कारण मनलाई मानेको छ। अविवेकीहरू मनलाई नै आत्मा संझन्छन्। "मेरो मन अहिले अन्यत्र गइ रहेकोले तपाईले भनेको कुरा सुनिन" आदि हरएक कार्यमा मन चञ्चल, अस्थिर आदि अन्त हुने परिणामी, दुःखरूप हुनाले सबको द्रष्टा असंग अचल निर्विकारी सुखरूप आत्मा कसरी हुने ?

यो दुईमा कति सम्म मेल छ सो तपाई स्वयं जान्नु हुन्छ। मेरो आशय के भने कसैको कृतिको अंश, परिच्छेद वा अध्यायलाई आफनो कृतिलाई गुरूतर बनाउन खातिर समावेश गर्दा उसका लेखकलाई धन्यवाद वा कृतज्ञता ज्ञापन गर्नु अनिवार्य रहन्छ। अन्यथा सो अमौलिक अंशले कृतघ्नताको दोष उत्पन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यराएर कृति दोष पूर्ण बनाइ हाल्छ र शिष्टता एवं सौजन्यताको हनन हुन्छ ।

यसरी पञ्चकोश विवरणको तपाईको व्याख्या, मौलिक हुंदै होइन भन्ने कुरा सिद्धान्तका पाठकले सुस्पष्ट बुझ्न सक्छन् । सर्वांशलाई यहां उतार्नु पनि संभव भएन । मनोमय कोशलाई उदाहरणको रूपमा राखिएको मात्र हो ।

विभिन्न ग्रन्थहरू अवलोकन गरी व्याख्या तयार पार्नु तपाईको लगनशीलताको फल हो । यो प्रयास राम्रो अवश्य हो किन्तु परांशलाई झिकेर घुसाउनु चाहिं राम्रो वृत्ति होइन ।

पातञ्जल योग सूत्रको " तस्यापि निरोधे सर्वनिरोधान्निर्बीजः समाधिः (समाधिपाद – ५१) भन्ने सूत्रको अर्थ चाहिं गीताप्रेसले प्रकाशित गरेको स्वा० श्री ओमानन्द तीर्थज्यूको " पातञ्जल योगप्रदीपको " अनुवाद राखुनु भएछ । त्यो यसप्रकार छः-

स्वा० ओमानन्द = पर वैराग्य द्वारा उस ऋतंभरा प्रज्ञा जन्य संस्कारके भी निरोध हो जानेपर पुरातन नूतन सब संस्कारोंके निरोध हो जाने से निर्बीज समाधि होती हैं ।

तपाईको अर्थ = पर वैराग्य द्वारा ऋतंभरा प्रज्ञा जन्य संस्कारको पनि निरोध भए प्राचीन र नवीन सबै संस्कारको निरोध हुन्छ र निर्बीज (निर्विकल्प)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधि सिद्ध हुन्छ ।

यो चाहिं अनुवाद भएछ भन्ने गुनासो हो । यसमा मेरो आर्को भनाई पनि छ- तपाईले निर्वीज समाधिलाई कोष्ठ भित्र निर्विकल्प भनी भन्नु भएको छ । किन्तु स्वामीजीको ग्रन्थमा त्यस्तो छैन र मान्नु हुन्न पनि । उहाँ भन्नु हुन्छ " निर्विकल्पको असंप्रज्ञात समाधि समझलेना वडी भूल हैं- क्योंकि निर्विकल्प में यद्यपि त्रिपुटीका अभाव होता हैं तथापि संसारका वीज वना ही रहता हैं और सम्प्रज्ञात समाधि में शुद्ध परमात्मस्वरूप में अवस्थिति होती हैं । " संभवतः स्वामीजीले दुइ समाधि बारे बुझ्न नसक्नु भएकों हो कि ?

स्वामीजी भन्दा स्वामी श्री ईश्वरानन्दजीको गीता-तात्पर्य पृष्ठ १३९ को एउटा प्रसंग याद आयो । उहाँको " चौथो भूमिकामा ब्रह्मज्ञान उत्ती दृढ भएको हुँदैन " भन्नु दुःशाहस मात्र हैन वेदान्तमा जघन्य प्रहार पनि हो । जो ब्रह्म नै भै सकेको छ उस माहाशयको तत्वज्ञान किन दृढ नहुने ? ब्रह्मज्ञानीको ब्रह्मज्ञान दृढ नभए के अज्ञानीको ब्रह्मज्ञान दृढ हुन्छ त ? यो शोचनीय कुरो हो ।

पञ्चदशीको व्याख्यामा याहाँले लेख्नु भो चौथो भूमिकामा प्राप्त ज्ञानीको निति कुनै कर्तव्य बाँकी रहँदैन । छ भन्ने मानेमा त्यो ज्ञानी नै सकेको छैन । ' पृष्ठ ५८।५९ को यो उक्ति र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथिल्लो परिच्छेदको स्वामी ईश्वरानन्दजीको उक्तिमा ठ्याम्मै मेल खाएन । जीवन्मुक्त पुरूषको बारे लेख्नु मलाई त लाग्छ तिहुनमा अड्कलेर नुन राख्नु कैं होइन । यसो गर्दा कृति हास्यास्पद हुन जान्छ । आज भोलि सन्तसमाजमा हुने ज्ञानचर्चा अनुभव पूर्वकको नभै " पक्का यसै होला " को आधारमा हुन थालेको र ग्रन्थ लेखनमा निरङ्कुशता या स्वेच्छालाई स्वीकार गरिएकोले क्रम भङ्ग र अतिक्रम हुन आएको पाइन्छ । यसैले त्यस्तो गडबड मण्डलीमा अध्यात्मवाद वा ज्ञान सुदूरपराहत भै सक्यो ।

अनि आफू पुगेको ठाउँको वर्णन गर्नु राम्रो हो । पुग्नु त परै जाओस् आँखैले पनि नभेट्टिएको ठाउँको वर्णन गरेर हाम्रा वेदान्ती समाज आज भोलि नामधारी हुनगयो यसैले वेदान्त भन्यो कि मानिस पाइनदार घोडा कैं तर्सन्छन् ।

माथिका दुइ विषय चर्चामा कुन उक्ति सही र माननीय हो यो तपाईंहरू आपस्तको छलफलले नीर्यो गर्नु नै वेशहोला, नत्र प्रतिष्ठा बचाउनु नै जीवनको सार मान्नेहरूलाई धक्का पर्न जान्छ ।

पञ्चदशीको कविराजज्यूको यो व्याख्याले करिब करिब वेदान्तमा क्रान्तिकारी मोड ल्याउन चाहन्छ । ५५८ । ५५९ पृष्ठको श्रद्धा र विश्वास पनि परोक्षज्ञान सम्मलाई कारण हुन्छ, बोधको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षात्कारण हुँदैन, विश्वासले मात्र ब्रह्मको प्रत्यक्ष ज्ञान हुँदैन। आदि उक्तिले अस्टावक्रको - "जनक मेरो वचनमा श्रद्धा गरमात्र, विचार सम्म पनि गर्नु पर्दैन" भन्ने, शंकरको "एक पटक सुने पछि ब्रह्मज्ञान हुन्छ" भन्ने उक्तिहरूको घांटी मात्रै निमोठ्न प्रयास गरिएम टाउकै छुटचाई दिने हिम्मत गरेको छ। के यही हो त तपाईको वशिष्ठ, उपनिषद, भगवान शंकराचार्यका भाष्य प्रकरण ग्रन्थहरूको आधारलाई लिएर व्याख्या लेखिएको?

म त के भन्छु भने श्रद्धा र विश्वास विना तपाई लाख अरू प्रचेष्टाले बुद्धि पूर्वक ब्रह्मको बोध गर्न सक्नु नै हुन्न। यही श्रद्धा विश्वासको कमीले गर्दा आज पढे-लेखेका सज्जनहरू पनि स्वरूपको ज्ञान देखि शत योजन टाढाछन्। बुद्धितम्मन्यता स्वरूपज्ञानको लागि विष समानियोस् सही तर तगारो त अवश्यै हो। यही कमी तिर ध्यान गएर होला कविरज्यूले "पोथी पढी पढी जुग गए, पण्डित भए न कोई" भनेर लेखी गएका।

यसैले आगामी संस्करणमा यस प्रसंगलाई पनि सुधार गर्नु पर्ने म देख्दछु [ब्रह्मज्ञान के हो? कसरी हुन्छ? आदि थाहा पाउन 'अद्वैत संस्था' बाट प्रकाशित "मोक्षको अनन्य मार्ग" भन्ने उत्तम ग्रन्थ हेर्नु होला]।

आर्को एउटा कुरा ६३० पृष्ठमा उल्लिखित 'साक्षी' को विषयमा खड्क्यो। "सुषुप्तिमा ब्रह्म सुख भोग्ने भोक्ता प्राज्ञ हो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसले अविद्याका तीन प्रकारका वृत्तिबाट सुखको भोग गर्दछ । जागे पछि सुख पूर्वक सुतेको थिएँ भन्ने जो स्मरण गर्दछ सो स्मर्ता विश्व हो" भन्ने उद्धरणबाट प्राज्ञ र विश्व एकैजना मानिस हो भन्ने बुझियो ।

हुनत "म उही हुँ जो हिजो राति सुखपूर्वक सुतेको थिएँ" भनेर मानिस भन्दछ तर मानिसको यो अनुभव भ्रान्त हो । प्राज्ञ नै विश्व पुरुष हुन सक्तैन । सुषुप्ति अवस्था सकिनुका साथै त्यसको अभिमानी प्राज्ञ जीव पनि सकिन्छ । नभए साक्षी आत्मा कैं नै प्राज्ञ र विश्व जीव पनि अन्वय ठहर्छ । एक अवस्थामा रहेको जीव अर्को अवस्थामा नरहने हुनाले जीव व्यतिरेक, आगमापायी हो । तपाईंको अनुसार साक्षी पनि र जीव (प्राज्ञ र विश्व) पनि अन्वयरूप हुन गयो । संभवतः तपाईंको अडकल यस्तो हुन सक्छ - विश्व जीव नै प्राज्ञ नभए सुषुप्तिको कुरा अहिले विश्वले भन्न नसक्नु पर्ने किनकि 'क' ले मिश्री खाँदा 'ख' लाई गुलियो हुँदैन र यसैले म विश्व नै सुषुप्तिको अभिमानी र पनि हुँ । तर यो अडकल ठीक भएन । जतरी अवस्थाहरू एक आर्कामा व्यतिरेक छन् उस्तै तिनका अभिमानीहरूको पनि हालत उही हो । कुरा त यस्तो हो - तीनै अवस्थाहरूमा एक नाशले रहि रहने एक सनातन आत्मवस्तु मात्र हो । त्यो आत्मा आफू स्वयं नै हो भन्ने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री गुरूद्वारा सुनी श्रद्धाले ग्रहण नगरिएको हुनाले त्यो सदात्मा अज्ञात नामले प्रख्यात छ । [अज्ञात आत्माको अनुहार तपाईले 'स्वरूप प्रकाश' नामक प्रक्रिया ग्रन्थ र 'जीवन्मुक्ति लक्षण' नामक लघुप्रक्रिया ग्रन्थमा देख्न पाउनु हुनेछ - हेर्नु होला] । आत्मा अज्ञात रहेको हुनाले तपाईंले आभासलाई नै आफू भनी ठानी दिनु भो ।

"साक्षी त एउटै" भनी लेखेर पनि तपाईले यहाँ निर साक्षीलाई अनेक भनी सिद्ध गर्नु भएको छ । सुषुप्तिमा भोक्तालाई जान्नेवाला र जाग्रतमा विश्वको साक्षी पनि उही हो र त्यो साक्षी एउटै हो भन्दा तपाईंमा रहेको साक्षी र हजार जनामा रहेको साक्षी पनि एउटै हुने भयो । साक्षी त्यसरी एउटै भए पछि अरू १० जनाको पेटको कुरा अर्को १ जना किन थाहा पाउन सक्तैन ? किनकि थाहा पाउने साक्षी त एक हो । जब थाहा पाउनेवाला साक्षी हो भने प्रति अन्तःकरणलाई थाहा पाउने साक्षी पनि प्रति व्यक्तिमा भिन्दा भिन्दै हुनु पर्‍यो । यसरी त झन साक्षीको अनेकता पो सिद्ध हुने भयो । यसैले वेदान्तक यस्ता मसिना विषयहरूमा राम्ररी जानकारी लिई आगामी संस्करणमा स्पष्ट गरिदिनु भए पाठकको ठूलो उपकार हुने थियो ।

अब म 'दर्शनालोक भूमिका उपोद्घात्' मा भएको अत्युक्ति तिर यहाँको दृष्टि पात गराउँदछु । —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ ८५ : चतुर्थ परिच्छेद

यहाँको भूमिकाको यस परिच्छेदमा प्रयुक्त निम्न वाक्यको अर्थ र आशय बुझ्न सकिएन -

१) " संस्कृत भाषामा अधिकार नभएका नेपाली मुमुक्षुहरू " ...

२) " वेदान्तको प्रक्रिया ग्रन्थ नेपाली भाषामा अद्यावधि प्रकाशित नदेखिएको ले ... ...

पहिलो वाक्यले नेपाली कुन वर्गलाई संकेत गर्नु भएको हो ? मलाई त लाग्दछ कुनै पनि भाषा सिक्नु जुनसुकै जाति वर्ग र व्यक्ति वा समाजलाई समान र पूर्ण अधिकार छ । संस्कृत वाङ्मय ब्रह्मणको मात्र पेवा भनेर ठान्नु यहाँको संकुचित भावना हो । अथवा नेपालका जाति प्रति कुठाराघात हो । संस्कृत वाङ्मय यस्तै संकीर्ण विचार धाराले गर्दा र यस्तै तथाकथित संस्कृतज्ञ भनाउँदाहरूको कूपमण्डुकताले गर्नु आज पतनोन्मुख छ । यो दुःख लाग्दो कुरो हो ।

एउटा कुरा, शास्त्रको आदेशानुसार के मान्न सकिन्छ भने वेदका ऋचा पढ्न स्त्री, शुद्र र द्विज बन्धुलाई अधिकार छैन । संस्कृत भाषामा अधिकार छैन भन्नु तपाईको दिमागको उपज होला शायद । नत्र कुनै पनि भाषा कसैको पेवा होइन र कसैबाट व्यक्ति विशेष वा वर्ण (जाति)ले पाएको दाइजो पनि होइन जसकारण तपाईंले कुनै नेपालीहरूलाई यसमा अधिकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन भनी लेख्नु भो । नेपालीलाई संस्कृत भाषामा अधिकार नभए के तपाई अनेपाली हुनुहुन्छ ? यसो हुनाले यस वाक्यलाई तपाईंले आगामी संस्करणमा यसरी लेख्नु जाति होला :-

"संस्कृत भाषा नपढेका र बुझ्न नसक्ने मुमुक्षुका निम्ति"

दोस्रो वाक्यको सम्बन्धमा

तपाईंको यो टीका २०२७ सालमा छापिएको रहेछ । यसको प्रकाशन भन्दा अगाडि मैले आपनै मातृभाषा नेपालीमा वेदान्तका प्रक्रिया ग्रन्थहरू पढेको छु । स्वयं तपाईको यस टीका नै मेरा आँखाबाट गुज्रेका नेपाली ग्रन्थहरूको प्रभावबाट उम्केको छैन । जस्तो समाधिको व्याख्यामा प्रयुक्त नेपाली भाषा " नचिताउनु ननिदाउनु, अफूर रहनु " आदिलाई श्री क्षितीशचन्द्र चक्रवर्तीज्यूले सबभन्दा पहिले आफ्नो अमृतवचनमा प्रयोग गर्नु भयो । अन्यान्य पुराना नेपाली ग्रन्थमा वेदान्तको यस्तो सजिलो नेपालीकरण देखिएको छैन । वेदान्तलाई यसरी सजिलो गरी दिनु संस्कृतका तथाकथित तपाईजस्ता पक्षपातिलाई असह्य भएपनि नेपाल प्रति, मुमुक्षु, सर्वसाधारण नेपालीहरू प्रति उहाँको ठूलो देन हो । तपाईको व्याख्यामा ' अमृत वचन ' एवं अन्यान्य नेपाली ग्रन्थहरूका शब्दावली र भावहरू यत्र-तत्र पाइएका छन् । जब तपाई स्वयंले नेपालीका प्रक्रिया ग्रन्थबाट मद्दत लिनु भएको छ भने " नेपाली मातृभाषामा अद्यावधि प्रकाशित नभएको " भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेख्नु अनुचित देख्दछु । सत्यकुरा हरूले पनि त पातो भर्न सकिन्छ नि । साकिन्त र ? त्यही नै लोक कल्याण कारी पनि होला । सो यसको विचार । नत्र मैले त तपाईको यो टीका प्रकाशित हुनु भन्दा धेरै समय अगाडि देखि नेपाली भाषामा वेदान्तका ग्रन्थ १।२ मात्र हैन धेरै देखेको र पढेको पनि छु अरू जस्तै :—

पुस्तकको नाम	तिनको प्रकाशन मिति
(१) अमृतवचन—	२०१३
(२) आत्म प्रकाश —	
(३) महौषधि—	
(४) ज्ञानदीप—	२०२५
(५) आत्मविचार—	२०२५
(६) गीता रहस्य	
(७) स्वरुप प्रकाश—	२०२०
(८) ईश्वर विज्ञान—	२०२२
(९) ज्ञान साधन—	२०२५
१०) ज्ञानालोक—	२०२५
(११) हस्तामलक र आत्मनिष्ठा—	२०२५
(१२) वेदान्त रहस्य प्रश्नोत्तरी—	२०२६
(१३) अद्वैत सुधा र आत्म प्रदर्शन—	२०२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तकको नाम	तिनको प्रकाशन मिति
(१४) वेदान्त विज्ञान—	२०२४
(१५) गीतामृत—	२०२०
(१६) योगसिद्धि—	२०२६
(१७) पराशान्ति—	२०२७
(१८) अद्वैत सर्वस्व—	२०२७
(१९) ज्ञान निष्पत्ति—	
(२०) वेदको कर्मकाण्ड र ज्ञानकाण्ड—	२०२५
(२१) गीताको भूमिका—	२०२०
(२२) सुषुप्ति र सृष्टि—	२०२७
(२३) मोक्षको अनन्य मार्ग—	२०२४
(२४) आत्ममनन—	२०२७
(२५) लघु वेदान्त त्रय—	२०२६
(२६) अद्वैत चिन्तामृत—	२०२६
(२७) जीवन्मुक्ति सिद्धि—	२०२७
(२८) आत्मानुसन्धान—	२०२१
(२९) भगवान विश्वनाथका स्वरुप—	२०२७
(३०) शान्ति गीता—	२०२१
(३१) वाशिष्ठामृत—	२०२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषाकालाई मैले नेपाली देखें वा नेपाली भाषाका ग्रन्थलाई तपाईले अरू भाषाका देख्नु भो। यो के भएको हो म यसै भन्न सक्तिन- दृष्टि दोष चाहिं हामी दुइ जना मध्ये एक जनाको त अवश्य भयो । यसैले हामी दुईमा एकजना विवान्ध प्राणी हुँ भयौं यसमा शंका छैन । एउटा स्मरणीय कुरो के छ भने प्रज्ञा प्रतिष्ठानका उपकुलपति श्रीबालकृष्ण समजी तपाईंको यस टीका भन्दा अघि पनि नेपालीमा वेदान्तका ग्रन्थको अस्तीत्व मान्नु हुन्छ (यही ग्रन्थको प्रकाशकीय अनुसार)। यसैले यस प्रकारको हृदय विदारक र जघन्य दोष चाहिं नहुनु जाति मात्र नभै अत्यावश्यक पनि हो । त्यसैले यो वाक्यलाई यस्तो रूप दिनु भए जाती होला :-

"वेदान्तको प्रक्रिया ग्रन्थ राष्ट्र भाषा नेपालीमा प्रशस्त मात्रामा प्रकाशित नदेखिएकोले" । यसो गरियो भने तपाईको वाक्यको रूप यस्तो हुने भयो:-

"संस्कृत भाषा नपढेका र बुझ्न नसक्ने मुमुक्षुका निम्ति वेदान्तको प्रक्रिया ग्रन्थ राष्ट्रभाषा नेपालीमा प्रशस्त मात्रामा प्रकाशित नदेखिएकोले पञ्चदशीको संक्षेप्त एवं गूढार्थलाई प्रकाशमा ल्याउन मित्रहरूको प्रोत्साहन र परमात्माको प्रेरणाले प्रेरित भएको हुं।"

"हिड्ने मानिस नै लड्दछ" भन्दै तपाईले त्रुटीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूचना माग्नु अवश्य तपाईंको निरभिमानता र सज्जनता पनि हो । तत्र त्रुटी देखाउ को भन्छ र ? बरू त्रुटी देखाउनेको खुट्टा भांच्न पो कोशिश गरिन्छ त आज भोलि ।

सम्मान्य पण्डितराज सोमनाथ सिग्द्येल र अद्वैत वेदान्तका मर्मज्ञ विद्वान डा० श्रीक्षितीशचन्द्र चक्रवर्तीज्यूको सम्मतिलाई ग्रन्थमा अवश्यै समावेश गर्नु पर्ने थियो । यसो न भै उहाँहरूको नाउँमात्र उल्लिखित हुँदा पाठकवृन्दमा सम्मति बारे नाना शंका हुन सक्दछ । अनि फेरि कसैलाई सम्मति लेखाईन्छ त कितापमा राख्नाका लागि नै लेखाइन्छ, दराजमा राख्न अवश्यै लेखाइन्न । जसको सम्मतिलाई दुहाई दिएर ग्रन्थको उपादेयता बढाउन खोज्नुभो [२०२८ ज्येष्ठ २२ गतेको गो. प. मा प्रकाशित समालोचना समेत द्रष्टव्य] उहाँहरूकै सम्मति राखेर पुण्य कमाउन सक्नु भएन ! तसर्थ आगामी संस्करणमा तो सम्मतिलाई पनि अवश्य ठाउँ दिएर आपनो पुस्तकको महिमा अरू बढाउनु होला– सम्मति ८८ पेजको भूमिकाको कलेवर भन्दा अवश्य दुब्लै होला ।

पञ्चदशीकारको विद्वत्तावारे प्रारंभमा नै भनिएको छ । विद्वत्ता र अनुभव एउटै कुरो होइन । यसैले पञ्चदशीकारको व्याख्या चाहिने ठाउँमा प्रायः त्रुटिपूर्ण रहन गएको छ । जस्तो हामी योगानन्द प्रकरण लिउँ । योगानन्द स्वामीज्यूको सहज व्याख्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो तर यहाँ बताइएको सौषुप्तानन्द अपूर्ण छ । उहाँ लेख्नु हुन्छ - सुषुप्तिमा अविद्यावृत्ति द्वारा आनन्दको अनुभव हुन्छ । यत्तिमै स्वामीज्यूको प्रसंग टुंगिन्छ । यहाँ निरको विशेष अनुभव नभएको हुनाले व्याख्या गर्न सक्नु भएन । आनन्द कसलाई हुन्छ ? त्यो आनन्द कसद्वारा प्रकाशित छ ? अनि अज्ञान पनि कसद्वारा प्रकाशित छ ? आदि कुराको केही व्याख्या छैन ।

फेरि विज्ञानन्दमा अन्तःकरण द्वारा आनन्द हुन्छ भनिएको छ । विद्वान् जो ज्ञानी हो उसको अन्तःकरण छैन । शंकरको ग्रन्थमा साधन चतुष्टय नभै नहुने रूपमा व्याख्या छ निम्न कोटीका साधकको लागि । किन्तु पञ्चदशीमा साधन चतुष्टयको लेश पनि छैन । साधनबिना साध्य कसरी प्राप्त हुने ?

सत्को व्याख्याको सन्दर्भमा स्वामीज्यूले निम्न चाहिने कुराहरूमा ध्यान दिन सक्नु भएको छैन ।

निर्विकल्प समाधिमा यदि सद्वस्तुको अनुभव हुन्छ तब त्यसको साधन के ? अनि निर्विकल्प समाधिमा बुद्धि रहन्छ कि ? बुद्धि रहे समाधि कसरी हुन्छ ? बुद्धि रहँदैन भनिन्छ भने स्वरूपको अनुभव कसरी हुने ?

चित्को व्याख्यामा आत्माको चित् स्वरूपको बारेमा भरमार लेखिएर पनि पञ्चदशीकारको चित्को व्याख्या निम्न कुराहरूमा त्रुटिपूर्ण रहन गएको देखिन्छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको चित् स्वरूपतामा प्रमाण के हो ? अनुभव प्रमाण हो यदि भनिन्छ भने त्यस अनुभवको साधन के हो ? अनुभव भएको बेलामा कसलाई अनुभव हुन्छ ? र कसरी हुन्छ ? अनि कुन विषयको अनुभव हुन्छ ? यदि अनुभव भएको बेला त्रिपुटी रहँदैन भने त्यो अनुभव आफ्नो हो वा आर्कै फलानाको हो ? त्रिपुटी बिनाको अनुभव आफ्नो कसरी सिद्ध हुन सक्ला ? के यो मार्मिक कुराहरूमा पञ्चदशीकारको कलमले ठक्कर खाएको छैन त ?

अब आत्माको आनन्दको व्याख्या बारे पनि म आफ्नो मन्तव्य अलिकति जनाउँदछु । किनकि भएको त्रुटि देखाई दिनु हामी जस्ता हितैषीहरूको कर्तव्य हो, मान्नु नमान्नु त्रुटिकर्ताको अधिन ।

ठीकछ, आनन्दको अनुभव निर्विकल्प समाधिरूप योगमा हुन्छ । अनि निर्विकल्प समाधि सुषुप्ति जस्तो हुन्छ । (किनभने सौषुप्तानन्द र योगानन्द भिन्दा भिन्दै हुँदैन । साधन भिन्न-भिन्न होला) । आनन्दको अनुभवमा सुषुप्ति अवस्थामा के साधन छ ? सुषुप्तिमा यदि अविद्या वृत्तिद्वारा आनन्दको अनुभव हुन्छ भने त्यो अविद्यारूप साधन कसको हो ? यदि पञ्चदशीकार भन्नु होला कि त्यो अविद्यारूप साधन मेरै हो तब म भन्दछु उसो भए तपाईको स्वरूप के हो ? साधन मेरो हो भन्ने भनाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुषुप्तिमा देखिंदैन । यदि त्यहाँ साधनको अनुभव भएन भने साधन हुनामा प्रमाण के ? कोरा अड्कल् ? फेरि सुषुप्तिमा आफ्नो विद्यमानतामा के प्रमाण छ ? त्यस बेला आफूलाई अनुभव गरी राखिन्छ कि ? राख्छु नि भनिन्छ भने सुषुप्ति अवस्था प्राप्त हुँदै हुँदैन । त्यसबेला अनुभव भएन भने व्युत्थान कालमा त्यसको संझना हुन पाउँदैन । यसरी योगानन्दको अनुभव पञ्चदशीकारलाई कसरी हुने ? वृत्ति द्वारा हुन्छ भनिन्छ भने त्यहाँ वृत्ति रहँदैन (किनकि वृत्ति रहे सम्म निर्विकल्प समाधि दशा प्राप्त नै हुँदैन) । तत्कालमा वृति रहँदैन भनी मानिन्छ भने आनन्द-को अनुभव कसरी हुन पाउँछ ? फेरि त्यसै बेला आनन्दको अनुभव भएन भने योगानन्द शब्दजाल मात्र ठहर्न जान्छ र योगानन्दमा केही प्रमाण रहन पाएन । हैन, योगानन्द प्राप्ति व्युत्थान कालमा स्मरण हुन्छ भने अनुभव रहित स्मरण बन्दै बन्दैन । यसरी योगानन्दको व्याख्यान पनि त्रुटिबाट उम्कन सकेको देखिंदैन । यसैले पञ्चदशी ग्रन्थ उपाधि प्राप्त गर्न उपयोगी भएतापनि मुमुक्षुका लागि अनुपयोगी सिद्ध भएको छ ।

जबकि स्वयं पञ्चदशीकार नै गल्तिमा हुनुहुन्छ भने तपाईंको व्याख्या त कम से कम सोही अनुरूप हुने नै भयो । नभए कम से कम वेदान्तका साधारण विद्यार्थीले पनि अज्ञानी र ज्ञानीको विभेद चाहिं जानेको हुन्छ । वास्तवमा " ज्ञानीलाई बुझ्न ज्ञानी नै हुनु पर्छ " ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै हुनाले पनि ज्ञानी कस्तालाई भनिन्छ सो कविराजजीले बुझ्नु भएन र पृष्ठ ३३९ मा "ज्ञानवानको परम कर्तव्य हो कि वासना निर्मूल बनाई आत्म साक्षात्कार द्वारा कृतकृत्य भइ हाल्नु" । यहाँ कबिराजजीले बुझ्नु पर्दछ कि जो मानिस ज्ञानवान हुनुहुन्छ उहाँको केही पनि कर्तव्य बाँकी रहेको हुँदैन र जसको कर्तव्य बाँकी रहेको हुन्छ उ ज्ञानी हैन, संसारी हो । अब तपाईंको यस उक्तिका ज्ञानवान कुन कोटीका हुन् तपाई नै जान्नु होस् । मैले त आज सम्म वेदान्तको कुनै पनि प्रक्रिया परक ग्रन्थमा ज्ञानवानको वासनादि निर्मूल गर्ने कर्तव्य शेष रहन्छ भन्ने उल्लेख भएको देख्न पाएको छैन । संभवतः यस्तो त्रुटी पूर्ण कुराहरूको अभाव भएकोले हुनसक्छ तपाईंले आफ्नो भूमिकामा वेदान्तको प्रक्रिया ग्रन्थ नेपाली राष्ट्रभाषामा अद्यावधि प्रकाशित नदेख्नु भएको ।

यहाँ तपाईले यसो लेख्नु युक्तियुक्त होला :–

"अतः ज्ञानी भक्तको परम कर्तव्य हो कि वासना निर्मूल बनाई आत्म साक्षात्कारद्वारा कृतकृत्य भइ हाल्नू ।" यसो भए पछि चतुर्थ भूमिकाको कुरामा मेल खान्छ । तत्र ज्ञानवान् भनेका नै चतुर्थ भूमिका प्राप्त पुरूष हुन् । अज्ञानी हैनन् ।

५३ पृष्ठको अन्तिम परिच्छेदमा प्रयुक्त २।४ शब्द जो अनुभव विरूद्ध छ त्यसबारे अलि लेखुं । "निर्विकल्प समाधिमा अन्तःकरण ब्रह्मरूपले रहन्छ" यस वाक्यांशमा अन्तःकरण ब्रह्म रूपले रहन्छ भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के हो ? याहाँ त ब्रह्माकार वृत्ति रहन्छ भन्नु पर्ने । ब्रह्माकार वृत्ति रहन्छ भन्नु भएको भए तल्लो पंक्तिमा वृत्ति शब्दको प्रयोग उपयुक्त मानिन्थ्यो—किन्तु सो भएन ।

"यसैलाई ध्येयैक गोचर – दृढ ब्रह्माकार वृत्ति भनिएको हो ।" यस वाक्यांशमा 'ध्येयैक गोचर' शब्दको प्रयोगले कविराजज्यूको लेखनी दुब्लो रहेछ भन्ने कुरा याहा हुन आएको छ । किनकि 'ध्येयैक गोचरता' भन्ने कुरा निर्विकल्प समाधिमा पाइन्न, यो त निदिध्यासनको प्रसंग हो । ध्येयैकगोचर वृत्ति कसको ? भनेर कसैले सोधेमा अन्तः-करणको भनेर भन्नै पर्दछ । तत्र प्रक्रियामा संगति मिल्दैन । किनभने निर्विकल्प समाधिमा अन्तःकरण रहन पाउँदैन । त्यहाँ त ब्रह्ममात्र रहन्छ । हो, सविकल्प समाधिमा ध्येयैकगोचरता रहन्छ । अखण्ड ब्रह्म मात्र रहनु वा बुद्धि नरहनुको नाउँ हो निर्विकल्प समाधि ।

अब दोस्रो शब्द 'दृढ ब्रह्माकार वृत्ति' बारे विवेचना गरूँ । यहाँको प्रसंग छ निर्विकल्प समाधिको । निर्विकल्प समाधिमा वृत्ति ब्रह्मरूपले रहन्छ भनी माथि भन्नु भो । यो ब्रह्माकार रूपले रहनु हो ब्रह्माकार वृत्ति । हैन ? यसको परिपाक दशालाई पो दृढ ब्रह्माकार वृत्ति भनिन्छ । यसैलाई चित्तको परम अखण्डता, साक्षात्कार वृत्ति, विद्या भनिएको कुरा ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्तीज्यूका नेपाली ग्रन्थहरूमा पाइन्छन् । दृढ ब्रह्माकार वृत्ति निर्विकल्प समाधिमा पाइन्छ त अदृढ ब्रह्माकार वृत्ति खोज्न कहाँ जाने ? शब्दलाई नबुझ्किन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँले प्रयोग गर्नु भयो । यसैले यहाँको व्याख्या सब्दाडम्बरबाट उम्कन सकेन । शब्द प्रयोग गर्दा त्यसलाई बुझेर प्रयोग गरियो भने आपनो र पाठक दुवैको कल्याण हुन जान्छ । नभए दुवै पक्षको प्रयास अरण्य रोदन किंवा महमा लट्पटिएको झिंगाले उम्कन खोजे झैं हुन्छ ।

तेस्रो अनुपयुक्त शब्द हो " प्रमाता " । निर्विकल्प समाधि भन्दा धेरै अगाडि नै विचरा प्रमाता सिद्धिसकेको छ । तर यहाँले बडो प्रेमले प्रमातालाई छाड्न नसकी निर्विकल्प समाधि सम्म पनि डोऱ्याएर ल्याउनु भयो । प्रमाता (ध्याता) लाई त ध्यानले नै मारि दिई सक्यो नि ! किनकि ध्यानमा चित्तको तीन वृत्ति हुन्छ :- (१) प्रमाता (ध्याता) (२) प्रमाण (ध्यान) र (३) प्रमेय् (ध्येय) ध्यानको परिपाक भएपछि तपाईको प्रमाता वा ध्याताको विगलन हुन्छ । त्यसपछि सविकल्प समाधि प्रारंभ हुन्छ । सविकल्पमा चित्तको दुइ वृत्ति मात्र बाँकी रहन्छ (१) प्रमाण र (२) प्रमेय । अन्तमा सविकल्प समाधि परिपक्क भए-पछि प्रमाण वृत्ति पनि विगलित हुन्छ र प्रमेय मात्र रहन्छ । यसरी एकमात्र ब्रह्मको अवस्थितिलाई निर्विकल्प समाधि भनिएको छ । 'आत्माको केवल स्वप्रकाश रूपमें अवस्थिति' निर्विकल्प समाधि कही जाती हैं । "-[स्वरूपानुभव] । यहाँ प्रमाताको पृथक् सत्ता नभएको हैन, यहाँ प्रमाता छैदै छैन । प्रमातालाई सञ्जिवनी बुटी त खुवाउनु भएन कविराजज्यूले ? यस वाक्यलाई यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपदिनु उचित होला:– " त्यस समयमा मुमुक्षुको पृथक् सत्ता नभएकोले " । "

यहीं निर एउटा असंगत कुरो आर्को पनि देखिन्छ– यहाँ लेखिएको छ– " त्यस समयमा प्रमाताको पृथक् सत्ता नभएकोले वृत्ति अज्ञात (साक्षी प्रत्यक्ष) मानिएको छ , तापनि व्युत्थान दशामा- समाधिबाट जागेपछि ..... " यस उक्तिमा दुइकुरा पाइन्छन्:– (१) समाधि स्थिति र (२) समाधि स्थितिको विमर्शकाल । त्यस समयमा भन्नाले स्थितिलाई संकेत गर्दछ । समाधि स्थितिकालमा वृत्ति साक्षी प्रत्यक्ष रहन्छ वा मानिन्छ भन्नु कसरी मिल्छ ? साक्षी प्रत्यक्षता परामर्श कालीन कुरो हो त्यस समयको होईन । त्यस समयमा यदि साक्षी मानिन्छ भने साक्ष्य हुनै पर्‍यो । साक्ष्य वस्तु नभए सम्म साक्षीको प्रसंग आउन नै सक्तैन । भाव्य भावकको भेद रहे सम्म निर्विकल्प समाधि नै हुन सक्तैन । पछि व्युत्थान कालमा कसरी बताउँछ त ? भन्ने शंकाले त्यसैकालमा साक्षी द्वारा वृत्ति अनुभूत थियो भन्नु युक्तियुक्त ठहर्दैन । वृत्तिको सद्भाव समाधि कालमा छैन भए सविकल्प होला । समाधिबाट जागे पछि मानिस त्रिपुटीरूप भेदलाई स्वीकार गरीकन अभेदानुभवको अनुसन्धान गर्दछ या अभेदानुभव बारे परामर्श गर्दछ (हिन्दी पत्रिका 'सिद्धान्त' हेर्नु होला) । किनभने जसरी बुद्धि विज्ञाताको उपाधि हो उसै गरी संस्कार या अविद्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षी आत्माको उपाधि हो । यही संस्कारलाई लिएर मानिस पछि परामर्श गर्दछ ।

यसलाई म एउटा उदाहरण द्वारा संझाउँछु । जस्तो तपाई जुत्ता लगाएर एकजना मानिस काहाँ भेट्न जानु हुन्छ । उसको बैठकमा पुगे पछि तपाईं जुत्तालाई ढोका बाहिरै फुकाली पस्नु हुन्छ । जब काम सकी फर्कनु हुन्छ तब बाहिर आई आफ्नो जुत्ता लगाएर फर्कनु हुन्छ । बाटोमा कसैले काहाँ गएर आउनु भएको ? भन्दा फलाना काहाँ भन्नु हुन्छ । के तपाईं जुत्ता लाएर फलाना काहाँ जानु भो ?" भन्दा तपाई भन्नु हुन्छ 'हो' ।

यहाँ जुत्ता त बाहिरै छाडिएको हो । अरू हजारको जुत्ता भए पनि तपाई आफनै लाएर फर्कनु हुन्छ । त्यस्तै यहाँ पनि आत्म-जनित संस्कार लिएर साधक समाधि तिर अग्रसर हुन्छ – संस्कारलाई साक्षी कोठामा छाडेर साधक भित्र पस्छ । माने भूमातत्व बनी हाल्छ । समाधिमा प्रवेश गर्दछ । पछि संस्कार कोठामा छाडिएको आफनो संस्कारलाई टिपेर आउँछ र यतिको समय म समाधिस्थ थिएं भन्दछ । यही हो परामर्शकाल वा सुषुप्तिकाल ।

यसै व्याख्याको अन्त " ब्रह्माकार वृत्तिको वर्तमानता त्यस समयमा थियो भन्ने कुरा स्वतः सिद्ध हुन्छ (पृष्ठ ५४) " भनी ग्रन्थकारलाई उछिन्ने तपाईको प्रयास ठीक भएन । ग्रन्थकारले मूलमा "स्मरणादनुमीयन्ते" भनेर अनुमान गरिन्छ सम्म भन्नु भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुमानको कुरो र स्वतःसिद्धिमा धेरै फरक पर्दछ । यसैले 'स्वतः सिद्ध हुन्छ' भन्ने पदको सट्टा 'अनुमान गरिन्छ' भनेर राख्नु हुनेछ आर्को संस्करणमा ।

अब म यहाँको दृष्टि ६४६ पृष्ठको अन्तिम परिच्छेद तिर आकृष्ट गराउँदछु । यहाँ तपाईले श्लोकार्थलाई स्पष्ट पार्न कोष्ठमा शब्दहरू राख्नु हुँदा पनि अड्कलकै सहारा लिनु भो गुरूको सहारा लिनु भएको देखिएन । किनभने योगाभ्यासले चित्त निरुद्ध हुन्छ भनेको सविकल्प समाधिको अभ्यासले होईन जुन तपाईले कोष्ठ भित्र राख्नु भो । सविकल्प समाधिको अभ्यासले चित्त एकाग्र हुन्छ यसलाई 'ध्येयैकगोचरता' पनि भनिन्छ । योगाभ्यासले भनेको निर्विकल्प समाधिको अभ्यासले भनेको हो । निर्विकल्प समाधिको अभ्यासले चित्त उपराम हुन्छ । निर्विकल्प समाधिमै चित्तले उपरामता प्राप्त गरे निर्विकल्प समाधि मै अज्ञानको अराकरणता पनि मान्नु पर्दछ—त्यसो नगर्दा निर्विकल्प समाधिको परिपाक गर्नु पर्ने खाँचो परेन । यो प्रणाली शास्त्र सम्मत हुन नआउने हुनाले मान्य होइन ।

"निर्विकल्प समाधिमा विशुद्ध अन्तः करणद्वारा चिदानन्दघन ब्रह्मको अनुभव गर्दै गर्दै" भन्नु समाधिको परामर्श कालिन कुरो त होला ? तत्र समाधिमा कहाँ अन्तःकरण रहन सक्छ र ? त्यहाँ त त्रिपुटीको अभाव हुन्छ तर स्वरूप प्रकाशित नै रहन्छ । यहीं अनुभव हुनुको अर्थ हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३७८ पृष्ठको "जन्मादिकारणत्वाख्यलक्षणेन भृगुः पुरा । वारोक्षयेण गृहीत्वाऽथ विचारेद् ब्यक्तिमैक्षत ।। भन्ने श्लोक अत्यन्त मननीय हो । यहां ग्रन्थकारले पनि ब्रह्मब्यक्तिको दर्शन वारे त्यत्ती मात्र लेखी अगाडी बढ्नु भो । यहांको ब्याख्या पनि संक्षीप्त रहनुका साथै सुस्पष्ट भएन । यो श्लोकको ब्याख्या ज्यादै मननीय र मार्मिक हुनाले भृगुवल्लिमा कथित भृगुको तपस्या द्वारा ब्रह्मब्यक्तिको दर्शन क्रमलाई तल संक्षीप्त रूपमा प्रदर्शन गर्दछु :-

"यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति, यत्प्रयन्त्यभिसंविशन्ति, तद्विजिज्ञासस्व, तद्ब्रह्मेति" यसबाट जगत जन्म, स्थिति र लयको कारण ब्रह्म हो भन्ने सुनेर क्रमिक रूपले अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय, कोशमा जगत्कारण ब्रह्मलाई "देख्न पाएन; किनकि शरीर, प्राण, मन, बुद्धि हुन् ब्रह्म देखिदैरै टाढा । यसरी पूर्वोक्त चार कोशहरूमा ब्रह्मलाई नदेखेर पछि सामान्य अविद्यारूप आनन्दमय कोशमा ब्रह्मको अनुसन्धान गर्यो । यसलाई आनन्दमय कोशमा ब्रह्मको अनुसन्धान गर्दा प्रिय, मोद, प्रमोदरूप वृत्तियुक्त अन्तः-करणको जो कारण (अज्ञान) हो कारण आनन्दमा भृगु पुग्नु भयो । सांभास अज्ञान हो कारण आनन्दरूप । यसलाई अति विश्लेषण गरिकन भृगुले कसरी आनन्दमयको विचार द्वारा ब्रह्म-लाई साक्षात् जान्नु भएको थियो त्यसको विवरण देखाइन्छ । कारणानन्द हो अविचार (भोक्ता) को अज्ञानले आवृत ब्रह्मरूप आनन्दलाई भोग गरी राख्नु । यो त्रिपुटी हो अज्ञानको तीन प्रकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साभाष वृत्ति । " म सुख पूर्वक (आनन्दलाई भोग गरिकन) अवस्थान गरी राखेको छु " यति हो साभाष कारणानन्दको विश्लेषण ।

यसमा ब्रह्मको जगत्कारणत्व कसरी भृगुले देख्नु भो ? यसको जवाफ यस्तो हो— यो जो अज्ञानावृत ब्रह्म (मायावी परमात्मा जो चाहीं अविद्यासित तादात्म्य प्राप्त चैतन्य) यसबाट जगतको सृष्टि हुन्छ । यसमा जगत अवस्थित हुन्छ र यसमा जगत्भाव प्राप्त हुन्छ । यसरी " आनन्दं ब्रह्म व्यजानात् " श्रुति-वाक्य द्वारा— ब्रह्मको प्राप्ति— ब्रह्मलाई यसरी परोक्षरूपले बुझ्नु भृगुलाई संभव भएको थियो । "

यसरी परोक्षरूपले ब्रह्मलाई जानेर त्यस पछि भृगुले विचार गर्नु भो – म भोक्ता हुँ- यस भोक्ता द्वारा ब्रह्मानन्दको भोग आफूबाट प्रकाशित भनी भृगुले देखेन । यद्यपि ब्रह्मबाट जगतको उत्पत्ति, स्थिति र ब्रह्ममा न जगतको विलय भै राखेकोछ र अज्ञानावृत ब्रह्मलाई परोक्षरूपले भृगुले जानी सकेको छ तापनि ब्रह्मलाई साक्षात् अनुभव अर्थात् आपनो ब्रह्मस्वरूपता प्राप्त गरेको छैन । त्यसैले ' म ब्रह्मानन्द भोग गरी राखेको छु ' भनेर जो आफूलाई अन्तर्भूत भनीकन भोग र भोग्य ब्रह्म प्रकाशित भै राखेको छ त्यसमा भृगुलाई विचारको फलले आत्मबुद्धि हुन सकेन । " म हूँ भोक्ता भावको प्रकाशक " यसरी भृगुले आफूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभव गरे । अर्थात् वास्तवमा "ब्रह्म वस्तु हो म" "म नै हूँ ब्रह्मवस्तु" यस्तो त्रिपुटीरूप दृश्यको मिथ्यात्व संझिकन त्यसको साक्षी ब्रह्मस्वरूप अफूलाई प्रत्यक्ष अनुभव गरे ।

यही हो 'विचाराद् व्यक्तिमैक्षत' को रहस्यपूर्ण व्याख्या । यसरी स्पष्ट भए लेखक, पाठक सबैलाई लाभ हुन्छ । संक्षीप्त गरेर दौडन हामीलाई के हतारो परेको छ र ? यसले गर्दा कृति मूल्यवान हुन जान्छ, आफ्नो अनुभव स्पष्टतर हुंदै जान्छ । नत्र त कलमवाट छरिएका मसिका छिर्काले संस्कृतमा कहीं अनुस्वार र विसर्ग वन्न गए झैं हुन जान्छ– नचाहिने ठाउंमा विसर्गादि परेको भए मसिको छिटा परेछ र चाहिने ठाउंमा परेको भए म खूब सिपालु भनिए झैं हुन्छ ।

यो भयो चित् वारेको एक टुक्रा कुरा । किनकि पंचदशीमा सत् चित् र आनन्दलाई ५।५ प्रकरणहरू द्वारा विश्लषण गरिएको छ ।

सानु भनुं या ठूलो भनुं एउटा आर्को प्रसंग छ - त्यो के भने चिदाभासलाई ज्ञान हुन्छ भन्ने । अवश्यै हो कि बुद्धि जड हुनाले त्यसलाई ज्ञान हुँदैन र चेतन आत्मालाई पनि ज्ञानको आवश्यकता छैन किनकि आत्मा ज्ञानस्वरूप नै हो । तसर्थ ज्ञान चिदाभासलाई नै हुन्छ ।

यहां मेरो भन्नु के भने पञ्चदशीमा र तपाईंको व्याख्या-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट चिदाभास बारे खास जानकारी केही भएन । किनकि चिदाभास बारे खास केही विवरण छैन । सरासर चिदाभासलाई ज्ञान हुन्छ भन्दा 'भेंडा बाघ हुन्छ' वा 'व्याध पुत्र राजपुत्र हुन्छ' वा 'सुतपुत्र कर्ण हुन्छ' भने के हुन्छ। कुरो त मोटा-मोटी ठीकै हो 'भेंडा बाघ हुन्छ' 'व्याध पुत्र राजपुत्र हुन्छ' वा 'सुतपुत्र कर्ण हुन्छ'। त्यसो हो भने एउटा भेंडालाई ल्याएर रंग रोगन गरिए पनि बाघ होला, एउटा व्याधाको छोरालाई ल्याई राजपुत्रोचित पोशाक लगाई दिए राजपुत्र होला अथवा गल्लीको एक जना सूतपुत्रलाई ल्याई कर्णको के परिवेषमा राखे कर्ण भै हाल्ला। यसैका लागि चिदाभासको स्पष्टिकरण वा विवरण चाहियो भनेको । त्यो चिदाभासको परिचय म यहाँ दिन्छु :-

(१) चेतन, (२) बुद्धि र (३) बुद्धिमा परेको चेतनको छायालाई संयुक्त रूपमा चिदाभास भनिन्छ । अब ज्ञान कसलाई हुन्छ त ? जुन आत्मातिर अभिमुखी छ उसैलाई ज्ञान हुन्छ —अनात्म जगत तिर लागेकोलाई ज्ञान हुँदैन । आत्मातिर फर्केको चिदाभासको शुभ नाउँ 'मुमुक्षु' हो । मुमुक्षुलाई ज्ञान हुन्छ किन-भने मुमुक्षु अज वस्तु हो । 'अजले अजलाई जान्दछ' भन्नाको आशय यही हो । भेंडा बाघ हुन्छ तर त्यस्तो भेंडा जसले मात्र आफ्नू बाघ भावलाई बिर्सेको थियो — जो राजपुत्रले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजपुत्रभाव बिर्सेका थिए तिनै व्यक्ति राजपुत्र हुन्छन् । त्यस्तै उनै कौन्तेय बन्दछन् जो कौन्तेय नै थिए, मात्र भूलेका । मुमुक्षु पनि ठीक यस्तै हो । त्यसैलाई ज्ञान हुन्छ । यसरी हामीले वास्तविक कुराको अनुसन्धान गरी पाठककाई गतिलो पाठ सिकाउनु पर्दछ ।

यद्यपि भौतिकवादीहरू जगतलाई ईश्वरको रचना भनेर मान्दैनन् वरू उनीहरू ईश्वरको अस्तीता म विस्वास गर्दैनन् । किन्तु आध्यात्मिक परिपाटी अधिकारी भेदले अथवा सोपान क्रमलाई हृदयंगम गरी जगत ईश्वर सृष्ट हो भनेर देखाउंछ । किनकि ईश्वर सर्वशक्तिमान हुनुहुन्छ । किन्तु यहां निर पञ्चदशीकार जीवलाई पनि सर्वशक्तिमान भनेर स्वीकार गर्न लाग्नु भएको देखिन्छ । जीवलाई सर्वशक्तिमान बनाउने काममा यहाँको व्याख्याले ठूलो सघाउ पुऱ्याएको छ । किनभने पञ्चदशी अनुसार सृष्टिकर्ता २ जना देखा पर्दछन् । (१) ईश्वर र (२) जीव । जीवमा पनि यदि सृष्टि गर्ने क्षमता छ भने त्यसलाई पनि ईश्वर कै नै सर्वशक्तिमान मान्नु पर्ला । किन्तु ईश्वर सर्वशक्तिमान, सर्वज्ञ र जीव अल्पशक्तिमान र अल्पज्ञ हो । यसैले जीव ईश्वर कोटीको होइन ।

" मनोमय प्रपञ्चले नै सुख दुःख हुदो रहेछ " (पृष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६८ वीव) भन्ने यहांको उक्ति सर्वथा उचित हो । किन्तु मनोमय प्रपञ्चलाई जीवको सृष्टि संज्ञा दिनु उचित लागेन । त्यसलाई जीवको कल्पना भनिएमा उचित होला । यसो भएमा ईश्वरको सौता पनि कोही हुन पाएन ।

फेरी ईश्वर मायालाई हतियार बनाईकन सृष्टि गर्नु हुन्छ । तर जीवको हतियार के हो ? यसैले जीवको मात्र कल्पना हो ।

" पुरत्रये क्रीडति यश्च जीवस्ततस्तु जातं सकलं विचित्रम् " अनुसार जीव नै हो सृष्टिको मुहान भनेर मान्नु भएको हो भने यो प्रसंग र पञ्चदशीको प्रसंगमा राजाराम र टीके भंडारी जस्तिकै फरक छ । यो सृष्टिकर्ता जीव हो साक्षी (संवेदन) । यो वेदान्तको उदार सिद्धान्त हो – पञ्चदशीमा वर्णित जीव आभास हो ।

जीवको यो कल्पनालाई जीवभाव भनिएमा केही अत्युक्ति नहोला । यही जीवभाव हो बन्धनको हेतु - भगवान शंकराचार्यले गीता भाष्यमा यसलाई ' अनात्मबुद्धि ' वा 'बाह्याकार भेद बुद्धि' भन्ने नाम दिनु भयो । गीतामृत प्रमाण तात्पर्य टीकामा ब्रह्मनिष्ठ श्री क्षितीश सि. चक्रवर्तीज्यूले यसलाई ' कर्ता भोक्ताभाव ' भनी निर्देश गर्नु भएको छ ।

हुनत वेदान्त प्रक्रिया ग्रन्थमा ' ईश्वर सृष्ट द्वैतको नाश अद्वैत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानको कारण होइन' भनी बताइएको छ । यसबाट के बुझिन्छ भने ईश्वर सृष्ट जगतमा दृढ ममता हो अद्वैत ज्ञानको बाधक । यो ममतालाई नै सृष्टि भनी निर्देश गर्नु कहां सम्म उचित होला ?

" अतो मनः कल्पित एव पुंसः संसार एतस्य न वस्तु-तोऽस्ति " भनी शंकरले संसारलाई मनको कल्पना बताउनु भएको छ । सृष्टि बताउनु भएको छैन । शंकरको अनुशरणबाट नै कल्याण लाभ हुन्छ ।

यसैले यहांले आपनो व्याख्यामा जीव सृष्टिको अर्थ जीवको कल्पना हो भनेर स्पष्ट गरी दिनु उचित हुन जानेछ ।

ज्ञानी र अज्ञानीको विषयमा यहांको अस्पष्ट व्याख्या माथि मैले सुझाव टक्चाएर आइसकेको छु । यहां ज्ञान बारे केही सुझाव टक्चाउन लागेको छु :—

तपाईको व्याख्यामा ज्ञान शब्दको परिभाषा यसरी दिइएको छ — " सब कुछ परमात्मा हो , यस्तो परमात्माको दृढ निश्चय हुनुको नाम ज्ञान किम्वा परमात्म तत्व मात्रको अवशेष भनिन्छ " —(पृष्ठ २०६)

परमात्माको दृढ निश्चयलाई मात्र पनि ज्ञान भनिदैन र परमात्म तत्व मात्रको अवशेषलाई पनि ज्ञान भनिदैन । निर्विकल्प समाधिमा धर्यैकगोचरता हुन्छ भनेर तपाईले बताई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्नु भएकोछ यसै व्याख्यामा । तपाईको हिसावले निर्विकल्प समाधिले नै ज्ञान हुने भयो । किनकि त्याहाँ परमात्म तत्वमात्रको अवशेष छ (गोचरता त्याहां छैन) ।

" ज्ञानीभक्त भगवानलाई अद्वितीय र आफू देखि अत्यन्त अभिन्न भनी जान्दछन् र सर्वदा अपनू स्वरूप भगवानमा समाहित चित्त हुन्छन् " भनेर गीताको प्रमाण तात्पर्य टीकामा बताइएको छ (पृष्ठ ६०८) ।

यत्तिलाई नै ज्ञान हो भनेर मान्दा वेदान्तको प्रक्रिया संग यहांको घनिष्ठता नभएको देखिन्छ । सबकुछ परमात्मा हो यस्तो दृढ निश्चयको फलले उत्पन्न भएको निश्चल अन्तःकरणमा [परम अखण्डाकार बुद्धि वृत्तिमा] परमात्मा स्पष्ट रूपले भासमान हुनु भएर अविवेक र मिथ्याज्ञानलाई माने अज्ञानलाई विनष्ट गरी दिनु हुन्छ जस्तो :—

गीतामृत प्र०ता०टीकामा ब्रह्मनिष्ठ डा० चक्रवर्तीज्यू लेख्नु हुन्छ— " अज्ञान र मिथ्याज्ञान यी दुईटालाई नाश गर्न जड बुद्धिले सक्तैन, त्यसकारण चिदात्म स्वरूप म त्यसलाई नाश गरि दिन्छु । जस्तो जड बुद्धिवृत्ति अज्ञान आदिलाई नाश गर्न सक्तैन, त्यस्तै केवल चैतन्य पनि उसको (अज्ञानको) नाशक हुंदैन । यसैले महावाक्यबाट उत्पन्न भएको बुद्धिको जो अन्तिम साक्षात्कार वृत्ति हो उसमा प्रकट् भएर चैतन्यस्वरूप परमात्मा सहाय सामर्थको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बल्ले अज्ञान आदिलाई ध्वंस गर्नु हुन्छ ।" "यो सम्यग्ज्ञान द्वारा अज्ञान र उसको कार्य निवृत्त भए पछि भगवद्भाव स्वयं प्रकाशित भै हाल्छ "

परमात्म तत्वमात्रको अवस्थितिले साधकलाई के लाभ हुन्छ ? सुषुप्तिको त्यस्तो स्थितिले मानिसलाई के लाभ भयो र ? माथिको उद्धरणमा केवल चैतन्य पनि अज्ञानको नाशक हुंदैन भन्ने कुरा देखाइ सकियो । उसो भए यस प्रकारको भावना अनुपयोगी हो त ? भन्ने शंका हुन जाला— हैन, यो अनुपयोगी हैन, वरू अत्यन्त उपयोगी हो मुमुक्षुका लागि । यसप्रकारको भावनाको अवश्यंभावी फल हो "ज्ञान" । "सब कूछ परमात्मा हो यस्तो परमात्माको दृढ निश्चय हुनुको नाम नै ज्ञान हो" भन्नु शांकरमत विरूद्ध हो । भगवान शंकर अपरोक्षानुभूतिमा भन्नु हुन्छ "निष्काम कर्म र उपासना द्वारा चित्त शुद्ध भएका पुरूषलाई ब्रह्माकार वृत्ति उत्पन्न हुन्छ । ब्रह्माकार वृत्तिको आवृत्तिबाट सम्पूर्ण वासनाको क्षय भए पछि साक्षात्कार वृत्तिको उत्पत्ति पूर्वक अज्ञानको निवृत्ति हुन्छ र त्यसको कार्य भएकोले सक्षात्कार वृत्ति पनि नष्ट हुन्छ ।" [ज्ञानेश्वर सरस्वती "अद्वैत मार्तण्ड" बाट भएको अपरोक्षानुभूति १३७ श्लोकको अर्थ द्रष्टव्य] ।

यसरी तपाईले ऊं ब्रह्मात्मिक वृत्तिलाई नै ज्ञान हो भनेर शंकरले कहीं बताउनु भएन । यो परिपाटी अद्वैत वेदान्तको होइन । यसैले तपाईको ज्ञान बारेको व्याख्यालाई संशोधन गर्नु पर्ने देखेको छु । जुन माथि सुझावको रूपमा देखाएर आएँ । यसरी 'ज्ञान' के हो भनेर बताई दिनु भएको भए यहांको व्याख्याले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेष आदरणीय ठाउं ओकट्ने थियो । ज्ञान शब्दको उच्चारणले मात्र त के विशेषता भो र ? "ज्ञान द्वारा अज्ञानको नाश भए पछि आत्माको साम्यभाव स्थिर रूपले सर्वत्र देखिन थाल्दछ ।" वत्ती वत्नासायं तिनलाई छोप्ने अन्धकार नष्ट भए झैं । भन्ने प्रकारको व्याख्याले मुमुक्षुको खास केही लाभ हुंदैन । "ज्ञान भए पछि अज्ञान नष्ट हुन्छ जस्तो वत्ती वले पछि अंधकार" भन्ने कुरो त साधारण गोठाला खेताललाई पनि थाहा छ । यत्ति नै हो 'गीता तात्पर्य' भने त के भो र ? 'ज्ञान' भनेको के हो ? त्यसको व्याख्या कसैको गीताको टीकामा पाइनु दुर्लभ छ एक गीतामृत प्रमाण तात्पर्य टीकामा वाहेक । यसैले मैले यहांलाई अत्यन्त चाहिने कुराको व्याख्या लेख्न नछुटाउनु होस् र त्यसलाई त्रुटी रहित बनाउने प्रयास पनि गर्नु होस् भन्ने हार्दिक सुझाव टक्याएको हुं । म सर्वशक्तिमान परमात्मा संग यहांको प्रज्ञा अकुण्ठित होस्, यहांबाट भविष्यमा अद्वैत वेदान्तको त्रुटि रहित व्याख्या निस्कन सकोस् र अद्वैत वेदान्त जीवन्त होस् भन्ने प्रार्थना गर्दछु ।

अनि अन्तमा जुन नेपाली ग्रन्थहरू द्वारा तपाईंको व्याख्या र ग्रन्थकारको त्रुटी संकेत गरिदिने ज्ञान मिल्यो त्यस्तो अनेकौं प्रमाण एवं प्रक्रिया परक नेपाली ग्रन्थलाई र त्यस्ता ग्रन्थका रचयिता प्रातःस्मरणीय श्रोत्रिय ब्रह्मनिष्ठ गुरुवर डा० क्षितीशचन्द्र चक्रवर्तीमा कोटीशः वन्दना गर्दछु ।

———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(9)

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu